# गोलबजार नगरपालिका

# नगर कार्यापालिकाको कार्यालय

## गोलबजार, सिरहा

### मधेश प्रदेश, नेपाल

गोलबजार नगरपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सूविधा सम्बन्धि मापदण्ड, २०८१

# गोलबजार नगरपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सूविधा सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावना :** गोलबजार नगरपालिकामा विभिन्न पदहरुमा स्थायी/अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सूविधा सम्बन्धि मापदण्ड बनाउन बाञ्छनिय भएकोले गोलबजार नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस नियमावलीको नाम "गोलबजार नगरपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सूविधा सम्बन्धि मापदण्ड, २०८१" रहेको छ।

(ख) यो मापदण्ड तूरुन्त लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "पदपूर्ति समिति" भन्नाले नगरपालिकाको स्विकृत दरवन्दी अनूसार रिक्त पदमा स्थायी वा अस्थायी वा करार सेवामा पदपूर्तिको लागि नगर कार्यपालिकाको निर्णय अनूसार गठन हूने समिति सम्झनू पर्दछ।

(ख) "नगर कार्यपालिका" भन्नाले गोलबजार नगर कार्यपालिकालाई सम्झनू पर्दछ।

(ग) "नगरपालिका" भन्नाले गोलबजार नगरपालिकालाई सम्झनू पर्दछ।

## परिच्छेद २

### सेवा सूविधा सम्बन्धी व्यवस्था

३. परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सूविधा सम्बन्धी व्यवस्था

(क) लिखित परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सूविधा प्रति सिफ्ट देहाय बमोजिम हुनेछ:

| सि.नं. | पद विवरण | दररेट (कर्यालय समयमा) | दररेट (कार्यालय समय बाहेक) | दररेट (सार्वजनिक विदाको दिन) |
|---|---|---|---|---|
| १ | सुपरिवेक्षक | १५०० | १८७५ | २२५० |
| २ | परिक्षा नियन्त्रक | १५०० | १८७५ | २२५० |
| ३ | केन्द्राध्यक्ष | १००० | १२५० | १५०० |
| ४ | सहायक केन्द्राध्यक्ष | ८०० | १००० | १२०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | निरिक्षक | ७०० | ८७५ | १०५० |
| ६ | कार्यालय सहयोगी | ५०० | ६२५ | ७५० |
| ७ | सुरक्षाकर्मी | ३०० | ३७५ | ४५० |

(ख) खण्ड ३ (क) मा जूनसूकै कूरा लेखिएको भएता पनि यदी कूनै कर्मचारी/जनशक्ती नगर बाहिरबाट खटाएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ।

(ग) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि खटिने कर्मचारीको सेवा सूविधा प्रति सिफ्ट देहाय बमोजिम हूनेछ:

| सि.नं. | पद विवरण | दररेट (कर्यालय समयमा) | दररेट (कार्यालय समय बाहेक) | दररेट (सार्वजनिक विदाको दिन) |
|---|---|---|---|---|
| १ | संयोजक | १००० | १२५० | १५०० |
| २ | सदस्य | ८५० | १०६३ | १२७५ |
| ३ | विषय विशेषज्ञ | ८५० | १०६३ | १२७५ |
| ४ | सहयोगी कर्मचारी | ५०० | ६२५ | ७५० |
| ५ | कार्यालय सहयोगी | ७०० | ८७५ | १०५० |
| ६ | सुरक्षाकर्मी | ५०० | ६२५ | ७५० |

स्पष्टिकरण: प्रतिसिफ्ट भन्नाले बढिमा २ घण्टाको समयलाई बुझाउनेछ।

(घ) खण्ड ३ (ग) मा जूनसूकै कूरा लेखिएको भएता पनि यदी कूनै कर्मचारी/जनशक्ती नगर बाहिरबाट खटाएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ।

४. उम्मेदवारको विषयगत तथा वस्तुगत परिक्षाको प्रश्नपत्र निर्माण र उत्तर पूस्तिका जाचँ गर्ने परिक्षकले प्राप्त गर्ने सूविधा :

(क) प्रश्नपत्र निर्माणको लागि अधिकृतस्तरको कर्मचारी वा सम्बन्धित विषयका विशेषज्ञलाई लगईनेछ।

अ. प्रश्नपत्र निर्माण गर्ने स्रोत व्यक्तिलाई वस्तुगत भए रु. १०००।– र विषयगत भए रु. ८००।– उपलब्ध गराईनेछ।

(ख) उत्तर पूस्तिका जाँचको लागि अधिकृतस्तरको कर्मचारी वा सम्बन्धित विषयका विशेषज्ञलाई खटाईनेछ।

अ. उत्तर पूस्तिका जाँच गर्ने परिक्षकले प्रति उत्तर पुस्तिका विषयगत भए रू. ५० र वस्तूगत भए रू. २० प्राप्त गर्नेछ।

५. पदपुर्ति समितिमा रहने पदाधिकारीहरुको सूविधा :

(क) पदपुर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानूसारको बैठक भत्ता वापतको रकम प्राप्त गर्नेछ।

६. यसै बमोजिम भएको मानिने :

(१) यो मापदण्ड बन्नुपूर्व पदपुर्ति सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनूसार सूविधा दिएको मानिनेछ ।

श्याम कुमार श्रेष्ठ
नगर प्रमुख
गोलबजार नगरपालिका, सिरहा